

हेडेन हल, सामुदायिक विकास केन्द्रद्वारा

# ३२ ग्राम सेविकाहरूलाई प्रशिक्षण

**दार्जीलिङ, ११ मार्च (हिस):** हेडेन हल, सामुदायिक विकास केन्द्रद्वारा सामुदायिक कार्यकर्ता तथा ग्राम सेविकाहरूलाई लिएर आजदेखि सोमबारसम्म दार्जीलिङ हेडेन हलमा ६ दिवसीय कार्यशाला शुरू भयो। यस कार्यशालामा कालेबुङ खण्ड १ र २ अन्तर्गतका ग्रामीण इलाका गीत डाब्लिङ, नोकडाँडा, लोले, तन्याङ, सुरूक साथै दार्जीलिङ क्षेत्रका हरसिङ, दवाईपानी, कैंजले र नगरपालिकाका विभिन्न वार्डहरूका जम्मा ३२ जना स्वास्थ्य सेविकाहरूलाई प्रशिक्षकहरू सिस्टर एन्नी जोसेफ, सिस्टर रिचल, सिस्टर डीना, खगेन सुब्बा र गोपाल शर्माद्वारा प्रशिक्षण दिईदैछ। हेडेन हलका समाजसेवी राधा कार्की अनि प्रशिक्षक खगेन सुब्बाले बताएअनुसार, केन्द्रसित सम्बन्धित यी सामुदायिक कार्यकर्ता तथा ग्राम सेविकाहरूलाई यसभन्दाअघि नै ३ महिनाको तालिम दिएर एक महिना फिल्ड वर्कमा लगाइएको हो। मुख्यत: यी ग्राम सेविकाहरूलाई एमसीएच (मदर चाइल्ड हेल्थ) माथि तीन महिना तालिम र एक महिना प्रत्यक्ष रूपमा गर्भवती र पाँच वर्षसम्मका नानीहरूको स्वास्थ्य सुरक्षामा उचित ध्यान दिइनु तथा आपतकालीन स्थितिमा पुनर्बार सुरक्षित राख्नका निम्ति सेविकाहरूले सिकेका र जानेका शिक्षाहरूबाट समुदायमा रोगको रोकथाम गर्ने दायित्व निर्वाहका लागि यस प्रकारको कार्यशाला गरिएको हो।

दुवैले बताएअनुसार, यस प्रशिक्षणार्थीहरूलाई सरूवा रोग र नसर्ने रोगहरूसम्बन्धी अवगत गराउनका साथै गर्भवती महिलाहरूको प्रसुतिभन्दा अघि र पछि दुवै अवस्था अर्थात् एएनसी र पीएनसी अवस्थामा उचित ध्यान र व्यवहारसहार प्रक्रिया र ग्रेडिङ आईसीडीएस, प्राथमिक स्वास्थ्य केन्द्र र सरकारी अस्पतालहरूसित जोड्ने क्रिया पनि यी ग्राम सेविकाहरूको मुख्य कार्य रहनेछ। यसबाहेक ग्राम सेविकाहरूले स्वास्थ्य विज्ञान, प्रतिरक्षण र स्वास्थ्य हेरचाह विषयहरूमाथि आमाहरूलाई शिक्षा दिन सक्नेछ।

महिनामा दुईचोटि स्वास्थ्य चेतना र सामाजिक चेतनामाथि शिक्षा दिन पर्नेछ। उनीहरूले ५ वर्षदेखिमुनिका नानीहरूको ओजन तौल र स्वास्थ्य जाँच गर्ने कार्य गर्नुपर्छ। नानीहरूको ओजन र हेर विचारसम्बन्धी आमाहरूलाई परामर्श दिन पर्नेछ। खोज्नु हुँदैन। साधारणत: नानीको ओजन तौल गर्नु, आमा र नानीहरूको पौष्टिक आहार, गर्भवतीहरूको उचित ध्यान दिइनु आदि कार्यहरू नै सेविकाहरूको दायित्व रहनेछ।

प्रशिक्षणार्थीहरूलाई साधारण रूगा, मार्की र ज्वरोलगायत पानीबाट हुने रोगहरूजस्तै जन्डीस, जुका, पखाला, मासी, टाइफड। सरूवा रोगहरू लुतो, क्षय रोग, एचआईभी एड्स, हेपाटाइटीस बी, लहरे खोकी, गलफुला। यसबाहेक औलो ज्वरो, निमोनिया भिटामिनको कमिद्वारा हुने रोग, रगतको कमि, परिवार नियोजन, सन्तुलित भोजन, शिशु भोजन, शिशुको ओजन अनि प्रतिरक्षण बीसीजी, डीपीटी, पोलियो, टिटानस, दादुरा, गर्भपतन, सरसफाइ साथै सामुदायिक विषयहरू ड्रग्स, मदिरा सेवन, जुवातास, कम उमेरमा विवाहको नोक्सान, अभिभावकको दायित्व, घरेलु हिंसा आदि विषय सम्बन्धी प्रशिक्षण दिइनेछ।

उनीहरू अनुसार ती ग्राम सेविकाहरूलाई नवज्योति अस्पताल गयागंगाद्वारा प्रशिक्षण दिइरहेको छ।

Darjeeling, 11 Mar, 2015

## TRANSLATION:

## SIX-DAY TRAINING WORKSHOP FOR 32 VILLAGE HEALTH WORKERS BEGINS AT HAYDEN HALL

Darjeeling, 11 March: A six-day training workshop for community workers and village health workers began today at Hayden Hall Institute and will continue until Monday under the initiative of the Community Development Centre.

The workshop includes 32 health workers from rural areas under Kalimpong Blocks I and II, including Gitdabling, Nokdara, Loley, Taryang, Suruk, as well as Harsingh, Dabaipani, Kaijalay, and several municipal wards of Darjeeling. The training is being conducted by Sister Annie Joseph, Sister Richal, Sister Dina, Khagen Subba, and Gopal Sharma.

According to social worker Radha Karki and trainer Khagen Subba, the village health workers had earlier undergone a three-month training programme followed by one month of fieldwork focused mainly on Mother and Child Health (MCH). Since 1978, Hayden Hall has trained more than 500 community health workers.

The current workshop aims to strengthen community healthcare services, especially maternal and child health, disease prevention, and emergency care awareness. Participants are receiving training on communicable and non-communicable diseases, antenatal and postnatal care (ANC and PNC), documentation, grading procedures, nutrition, immunization, sanitation, and community health awareness.

The trainees are also being educated on healthcare issues such as jaundice, diarrhea, typhoid, tuberculosis, HIV/AIDS, hepatitis B, pneumonia, anemia, family planning, child nutrition, vaccination programmes, and the harmful effects of alcoholism, gambling, domestic violence, and child marriage.

Under the guidance of Cluny and Nazareth Sisters, the village health workers will also help connect rural patients and pregnant women with ICDS centres, primary health centres, and government hospitals, while spreading awareness about government healthcare schemes and services in their respective communities.

The report further stated that pregnant women are examined every Wednesday at Hayden Hall by Dr. Rita Gupta, while the institution is also distributing nutritious and balanced food supplies to 120 economically disadvantaged women.

Following the training, Hayden Hall health workers have already begun preparing Ayurvedic medicines practically at the institution. Trained health workers including Bhumika Pradhan, Purnima Tamang, Anju Rai, and Dawa Lepcha are actively involved in the initiative. Additional health workers serving in remote villages of Kalimpong and areas such as Harsingh, Dabaipani, College Valley, Rimbick, and Alubari are also undergoing training.

According to the trainees, the herbal preparations are made using carefully measured proportions of herbal extracts and alcohol mixtures. The medicines are used for treating ailments related to cough, gastric problems, blood and urinary disorders, while herbal creams are prepared for skin-related conditions.

Dispensary In-charge Mani Chettri further stated that instead of marketing the herbal medicines commercially, the institution is making them available at affordable prices within the organization itself. Economically disadvantaged patients are also being provided medicines either at highly subsidized rates or free of cost.